आज मिति २०७५कार्तिक १९ गते सोमबारका दिन दिनको २.०० बजे देखि बर्दिवास नगरपालिका नगर प्रमुख श्री विदुर प्रसाद कार्की ज्यूको अध्यक्षतामा बर्दिबास नगरपालिका नगरकार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

प्रस्ताव १ :

प्रस्ताव नं. १ अपागंता परिचय पत्र वितरण कार्यविधि २०७५ सम्वन्धमा

प्रस्ताव नं. २ सहकारी नियमावली २०७५ सम्वन्धमा ।

प्रस्ताव नं. ३ वयलवास डिप वोरिगं सम्वन्धमा ।

प्रस्ताव नं. ४ निर्मल लामा वहु प्राविधिक शिक्षालय संचालनको लागि मर्मत संभारको रकम उपलव्ध गराउने सम्वन्धमा प्रस्ताव नं. ५ "घ" वर्गको निर्णय व्यवसायीको इजाजत पत्र वितरण सम्वन्धमा ।

प्रस्ताव नं. ६ ढुगां गीट्टी वालुवा निकासी कर सम्वन्धमा ।

प्रस्ताव नं. ७ संस्थालाई जग्गा उपलव्ध गराईएको सम्वन्धमा ।

प्रस्ताव नं. ८ पहिलो चौमासिक कार्य प्रगति सम्वन्धमा ।

निर्णय हरु :

निर्णय नं. १ प्रस्ूताव नं. १ माथि छलफल गर्दा अपागंता परिचय पत्र वितरण कार्ड विधि २०७५ पारित गरियो ।

निर्णय नं. २ माथि छलफल गर्दा सहकारी नियमावली २०७५ विस्तृत छलफलको लागी अर्को वैठकमा पेश गर्ने भनि निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा बयलवास डिप वोरिगंको टेण्डर गत आ.व. मा स्वीकृत गरिएको रकम अपुगभई स्थानीय उपभोक्ताहरु वाट थप रकम माग भई आएकोमा मुल्यांकित रकम भुक्तानी दिन नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिन निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा निर्मल लामा वहु प्राविधिक शिक्षालय संचालनका लागि व.न.पा. वडा नं. ११ मा स्थित सरस्वती आधारभुत विद्यालयमा मर्मत संभार गर्नु पर्ने भएकाले उक्त कार्यको भक्तानीको लागि नगर कार्यपालिकाको कार्यालय लाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ५ "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धमा रित पुर्वक पर्न आएका निवेदनहरु मध्ये सवै प्रकृया पुरा गरि सकेका व्यवसायको दर्ता गर्न प्रमुख प्रशासकिय अधिकृत लाई निर्देशन दिने भनि निर्णय गरियो ।

निर्णय नं. ६प्रस्ताव नं. ६माथि छलफल गर्दा नगरबाट निकासी हुने गिट्टि वालुवा ढुगां माटो को निकासी कर वापत प्रति घन फिट रु. ३। (तिन ) का दरले कर लिने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०७५।४।१४ गतेको कार्यपालिकावाट सामदायिक विकास तथा पैरवी मन्च लाई ब.न.पा ३ गौरीडांडामा जग्गा उपलव्ध गराउने निर्णय निष्कृय गर्ने र सो निर्णय कार्यान्वयन नगर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७४।०७५ को प्रगति विवरण र २०७५।०७६को पहिलो चौमासिक कार्यप्रगति सम्वन्धमा कार्यपालिकाको वैठकमा छलफल भयो ।

निर्णय नं. ९ भिन्नता आवासीय विद्यालय बर्दिवास १० मा शौचालय निर्माणका लागि सेफ द चिल्डेनको सहयोग प्राप्त भएको हुदा सहभागीता वापतको कुल लागतको १५ प्रतिशत ले हुन आउने रकम ब.न.पा वाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १० यातायात व्यवस्था कार्यालय बर्दिवासमा सेवा ग्राहीहरुलाई वस्नको लागि यात्रु प्रतिक्षालय निर्माणका लागि माग भै आएकोमा प्रतिक्षालय निर्माणमा लागत अनुमान अनुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : नगरपालिका क्षेत्र भित्र माप दण्ड नपुरयाई संचालनमा रहेका  क्रसर उद्योगहरु लाई स्थानान्तरण गर्न नगरपालिकाले कार्य अघि बढाउने साथै नेपाल सरकारको प्रभावित कानून तथा स्थानीय सरकारका निर्णय विपरित नगरपालिका क्षेत्र भित्र खोलानालाहरुमा उत्खनन् गरीएको  भेटिएमा निम्न वमोजिम तथा क्षतिको प्रकृति हेरी थप जरिवाना गर्ने निर्णय गरियो ।

आज मिति २०७५मंसिर  ७ गते सुक्रबारका दिन विहानको ८.०० बजे देखि बर्दिवास नगरपालिका नगर प्रमुख श्री विदुर प्रसाद कार्की ज्यूको अध्यक्षतामा बर्दिबास नगरपालिका नगरकार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

प्रस्ताव हरु :

प्रस्तावहरुः १ः तराइमधेस सम्बृद्धि कार्यक्रमको आयोजना छनौट सम्वन्धमा  ।

प्रस्ताव नं. २ः सहकारी नियमावली २०७५ पारित गर्ने सम्वन्धमा  साथै खोला खुद कार्य विधि २०७५ सम्वन्धमा ।

प्रस्ताव नं. ३ः विद्यालय व्यवस्थापन तथा संचालन कार्य विधि संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. ४ः एमवास सिसी. गठन सम्वन्धमा ।

प्रस्ताव नं. ५ः भवन अभिलेखिकरण सम्वन्धमा ।

प्रस्ताव नं. ६ः प्राविधिक कर्मचारी नियुक्ति सम्वन्धमा ।

निर्णय हरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ः मा छलफल गर्दा तराई मधेश सम्बृद्धि कार्यक्रमको आयोजना हरु तपसिल वमोजिमका छनौट गरि पठाउने र कुल लागतको २० प्रतिशत रकम नगरपालिका वाट व्यहोर्ने निर्णय गरियो ।

तपसिल :

१. सामुदायिक पुर्वाधार तर्फ :

(क) श्री जनता मा.वि. गौरिडांडा बर्दिवास न.पा. ३ प्राविधिक शिक्षाको लागि ६कोठे पक्कि भवन लागत अनुमानित रकम रु. ५०००००।लाख

(ख) श्री जनता मा.वि. चौलिखा बर्दिवास न.पा. ६ प्राविधिक शिक्षाको लागी ६कोठे पक्की भवन रु. ५०लाख ।

(ग) श्री मा.वि. देउराली बर्दिवास न.पा. १ प्राविधिक शिक्षाको लागि ६कोठे पक्की भवनको लागी रु. ५० लाख ।

२. सामुहिक आवाश भवन तर्फ :

(क) मुसहर वस्ती रु. ५० लाख ।

(ख) विजय वस्ती वडा नं. ८ रु. १ करोड ५० लाख ।

(ग) चारघरे सुकुमवासी वस्ती वडा नं. ६ रु. १ करोड ५० लाख ।

३.  सडक तर्फ :

(क) पूर्व पश्चिम लोकमार्ग व ाट खयरमारा बजार सम्म जाने सडक कालोपत्रे रु. ६ करोड ।

(ख) पशुपतिनगरको दलित वस्ती हुदै वडा नं. ७ को स्वास्थय चौकिको सडकको कालोपत्रे रु. १२ करोड ।

(ग) वि.पि. राजमार्ग देखि सडक अफिस हुदै जनता मा.वि. गौरिडांडा

सम्म सडक कालोपत्र रु. १ करोड ५० लाख ।

(घ) औरहि सडक खण्ड बाट जनता क्याम्पस सम्मको सडक कालोपत्रे

रु. १ करोड ।

( ङ) साविक किसाननगर ९ बाट साविक वडा नं. १ हुदै वडा नं.

६कार्यालय जाने सडकमा भोलुङेपुल निर्माण रु. ६० लाख ।

(च) हात्तिमाराखोलामा १ थान कलभर्ट रु. २५ लाख ।

४. सिचाई तथा नदि नियन्त्रण तर्फ :

(क) ढुग्रेगढन्ता सिचाई बर्दिवास न.पा. ५ रु. १ करोड ।

(ख) रातुखोला देखि किसाननगर जाने सिचाई बर्दिवास न.पा. ६ रु.

२५०० लाख ।

(ग) पाटुसिचाई बर्दिवास न.पा. ३ रु. २५ लाख ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा बर्दिवास न.पा. को लागि पेश भएको सहकारी नियमावली २०७५ पारित गर्ने निर्णय गरियो साथै खेलकुद कार्यविधि २०७५ पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा विद्यालय व्यवस्थापन तथा संचालन कार्यविधि २०७४ संशोधन प्रस्ताव संशोधन सहित पारित गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ मा छलफल गर्दा यस बर्दिवास न.पा. स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति तपसिल वमोजिम गठन गरियो :

तपसिल :

१. संयोजक : नगर प्रमुख

२. सदस्य : नगर पालिकाका सवै सदस्यहरु ।

३. सदस्यः शिक्षा, स्वास्थय्,कृषि,पशु,महिला वालबालिका शाखा,उप

शाखा प्रमुख हरु :

४.सदस्यः सुरक्षा निकायका प्रतिनिधि तथा पत्रकार महासंघका

प्रतिनिधि

५ सदस्य : वास फोकल परसन ।

६. स. सचिव : प्रमुख प्रशासकिय अधिकृत ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा पुरानो भवन अभिलेखि करणको लागि निम्न आवेदन लिने कार्य नं. का. कार्यालयवाट सुचना प्रकाशित भएको मिति वाट ३० दिन सम्मको समयावधि रहने गरि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६मा छलफल गर्दा बर्दिवास न.पा. को लागी १ जना सिभिल इन्जिनियर नियुक्तिको प्रकृया अगाडि बढाउन नगरकार्य पालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

आज मिति २०७५मंसिर २६ गते विह्रिबारका दिन विहानको ८.०० बजे देखि बर्दिवास नगरपालिका नगर प्रमुख श्री विदुर प्रसाद कार्की ज्यूको अध्यक्षतामा बर्दिबास नगरपालिका नगरकार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

प्रस्ताव हरु :

प्रस्ताव नं. १ समपुरक अनुदान कार्यकम/योजना  छनौट सम्वन्धमा ।

प्रस्ताव नं. २ विशेष अनुदानको योजना छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ३ अपाङ्ता परिचय पत्र वितरणको कार्य विधि संशोधन

सम्वन्धमा ।

प्रस्ताव नं. ४ विद्यालयलाई सर्वे सामाग्री उपलव्ध गराउने सम्वन्धमा

प्रस्ताव नं. ५ ध्यानाकर्षण सम्वन्धमा (अव्यवस्थित बसोबास सम्वन्धि)

निर्णय हरु :

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा सम्पुरक अनुदान कार्यकमको लागि तपसिल अनुसारको योजना छनौट गरि पठाउने निर्णय गरियो ।

तपसिल :

१. कृषि उपजको भण्डारण गृह तथा सित गृहहरु निमार्ण ।

२. देव नगर चल्की डाडांटोल, विजयवस्ती, भव्सी हुदै  बर्दिवास सडक खण्ड जोडने सम्मको कालोपत्रे ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा विशेष अनुदानको योजना छनोट अन्तर्गत बर्दिवास न.पा क्षेत्रभित्र रहेका सवै सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको लागि व्यवस्थित गर्ने योजना छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा अपागंता भएका व्यक्तिहरु लाई परिचय पत्र वितरण कार्य विधि २०७५ लाई केन्द्रिय कार्य विधि अनुसार संशोधन गरि लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ मा छलफल गर्दा श्री जनता मा.वि. प्राविधिक शिक्षालयको खरिद इकाई वाट भएको निर्णय लाई अनुमोदन गरि खरिद भएको सर्वे सामाग्री विद्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस न.पा. को प्राय: सवैजसो वडा हरुमा विगत लामो समय देखि समस्याको रुपमा रहेको अव्यवस्थित बसोबास ऐनाली पर्ती जग्गा हरुको स्वामित्व सम्वन्धमा टुर मुकाम अवसरमा नगर पालिकाको तर्फवाट ध्यानआकर्षण पत्र यस क्षेत्रका सांसद तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्री  श्री गिरीराज मणि पोखरेल तथा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री पद्मा अर्यालज्यूलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

आज मिति २०७५पौष ०३ गते मंगलबारका दिन विहानको ८.०० बजे देखि बर्दिवास नगरपालिका नगर प्रमुख श्री विदुर प्रसाद कार्की ज्यूको अध्यक्षतामा बर्दिबास नगरपालिका नगरकार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

प्रस्ताव हरु :

१. स्थानिय निकायका कर्मचारी समायोजन सम्वन्धमा ।

२. म्याचिगं फण्ड सम्वन्धमा ।

३. अधिकार प्रत्यायोजन सम्वन्धमा ।

४. नदि जन्य पदार्थको ठेक्का सम्वन्धमा ।

५. सवारी साधन मोटर साइकल खरिद सम्वन्धमा ।

६. कार्यलय सर्ने सम्बन्धमा ।

निर्णय हरु :

निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा साविक स्थानिय निकायका स्थायी कर्मचारी समायोजन सम्वन्धमा कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६को उप दफा ४ बमोजिम साविक स्थानिय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरु लाई सम्बन्धित पद । तहमा समायोजन गरि पदस्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा बर्दिवास न.पा. को लागि आ.व. २०७५।०७६ मा तराई मधेश सम्बृद्धि कार्यक्रममा छनौट भएका मुसहर वस्ती आवस भवन निर्माण विजय बस्ती आवस वस्ती आवास भवन निर्माण र बर्दिवास न.पा. ८ र चारघरे सुकुम्वासी वस्ती आवास निर्माण बर्दिवास न.पा. ६ को लागि बर्दिवास न.पा. वाट म्याचिगं फन्ट वापत रु. १४ लाख र युनिसेफ द्वारा संचालित वहुक्षेत्रिय पोषण कार्यक्रमको लागि म्याचिगं फन्ट वापत रु. ६ लाख मात्र न.पा. को आन्तिरिक श्रोत बाट व्यहोरिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा नगरपालिकामा नगरसभाबाट स्विकृत भएका र खर्चको विनियोजन हुन वांकी योजना तथा कार्यक्रमको हकमा फुटकर तथा भैपरि आउने प्रकृतिका खर्चहरु नगर प्रमुख वाट निर्णय गराई नगर कार्यपालिका कार्यालयवाट रु. १० लाख सम्मको खर्च गर्ने अधिकार नगर प्रमुख लाई प्रत्यायोजन गर्ने निर्णय नगर कार्यपालिकाको वैठकले गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा छलफल गर्दा मिति २०७५।०६।१७ गते प्रकाशित रातुखोलाको नदि जन्य पदार्थको उत्खनन् तथा संकलनको बोलपत्र सूचना अनुसार रातुखोलाको चार वटा सेक्सनमा प्राप्त भएको बोल कबुलको

प्रचलित कानून अनुसार भएको मुल्यांकनमा सारभुन रुपमा प्रभाव ग्राही देखिएको बोलपत्रदातालाई नियमानुसार संझौता गर्न आउन पत्रचार गरिएको भएता पनि तोकिएको अवधिभित्र न.पा. समक्ष संझौता गर्न नआएकोले नियमानुसार निजहरुले राखेको जमानत वापतको रकम जफल गर्नको लागि कारवाही अगाडी बढाउने र सो पछिको बोलपत्र दाता मध्य बोलपत्र नं. ०६।एन.सि.वि.। बर्दिवास । ०७५ ७६पथलैया सेक्सनको लागि पुन संझौताका लागि नियमानुसार पत्रचार गर्ने र बोलपत्र नं. ०४। एन.सि.वि.बर्दिवास ।०७५।७६किसाननगर सेक्सन र ०५। एन.सि.वि.बर्दिवास ।०७५।७६जुरेटोल सेक्सनको हकमा सो पछिका बोलपत्र दांता विडबण्ड जफत को कारवाहीमा परेकाले उक्त ठेक्काहरुको पुन: बोलपत्र सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा छलफल गर्दा सवारी साधन मोटरसाइकल खरिद सम्वन्धि बोलपत्र सूचना मिति २०७५।०७।२० गते को सूचना अनुसार एक मात्र बोलपत्र परेको र उक्त बोलपत्र अनुसारको आधारमा सवारी साधन मोटर साइकलको गुणस्तरीयता नहुने कार्य पालिकाबाट देखिएकोले उक्त बोलपत्र नियमानुसार पुन सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६मा छलफल गर्दा कार्यालय सवै सर्ने सम्बन्धमा प्रकाशित सूचना अनुसार परेका निवेदनहरु मध्ये प्रभावग्राही निवेदनका सम्बन्धमा घर भाडा लिने जिल्ला दररेट निर्धारण समितिको निर्णय बमोजिम हुने गरी सो स्थानमा कार्यालय सार्ने निर्णय गरियो ।

आज मिति २०७५ साल पौष ०७ गते शनिवारको दिन बर्दिवास नगरपालिकाको नगर प्रमुख श्री विदुर कुमार कार्की ज्यूको अध्यक्षतामा नगरकार्यापालिको बैठक बसियो,जसमा निम्नानुसारको उपस्थिति रहयो ।

आमन्त्रित कर्मचारीहरु :

१. श्री ओम प्रकाश खडका ।

२. श्री साजन दहाल

निर्णय : निर्णय नं. १ : बर्दिवास नगरपालिकाको मेयर कृषि कार्यक्रमको सम्बन्धमा परामर्श दाताहरुबाट अध्ययन भएको विवरणहरु बैठकमा प्रस्तुत भई छलफल गरियो उक्त कार्यक्रमको लागि परामर्श दाताहरु बाट भएको प्रस्तुती बारेमा थप अध्ययन गरी अर्को बैठकमा पुन छलफल गर्ने निर्णय गरियो ।

आज मिति २०७५ साल पौष २२ गते आइतबारका दिन बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री विदुर कुमार कार्कीको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक वसियो । जसमा निम्ननानुसारको उपस्थिति रहयो ।

प्रस्तावहरु :

१. मेयर कृषि कार्यक्रम संचालन कार्यविधि २०७५

२. मोडल एग्रोभिलेज संचालन  कार्यविधि २०७५

३. नगर सभा संचालन सम्बन्धमा ।

४. कृषि कलेजको जग्गा व्यवस्थापन ।

५. फोहरमैला व्यवस्थापन ।

६. नेपाली सेनाले अधिग्रहण गरेको जग्गा ।

७. नगर खेलकुद विकास समिति ।

निर्णयहरु :

निर्णय नं. १ प्रस्ताव नं. १ मा छलफल गर्दा मेयर कृषि कार्यक्रम संचालन कार्य विधि २०७५ स्वीकृत गरियो ।

निर्णय नं. २  : प्रस्ताव नं. २ मा छलफल गर्दा मोडेल एग्रोभिलेज संचालन कार्यविधि २०७५ स्वीकृत गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा छलफल गर्दा यहि मिति २०७५ साल पौष     गते नगर सभा बैठक बोलाउने निर्णय गरियो ।

निर्णय नं. ४ २०७५।०७६ को  स्वीकृत कार्यक्रम अनुसार कृषि कलेजको जग्गा व्यवस्थापन सम्वन्धमा नगरकार्यपालिको कार्यालयले आवश्यक प्रकृया यथाशिध्र अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५  प्रस्ताव नं. ५  मा छलफल गर्दा  फोहरमैला व्यवस्थापन  अन्तर्गत नगरपालिका क्षेत्र भित्र ल्याण्ड फिल्ड साइटको व्यवस्थापन कम्पोष्ट मल उत्पादन तथा प्रदर्शन केन्द्र (Demostration Centre )कोविकासका लागि प्रस्तावित ढांचा स्वीकृत गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल  गर्दा प्रदेश नं. २  नेपाली सेना पृतनाले अधिग्रहण गरेको जग्गा भित्र किसानहरुले लगाएको बोट विरुवाहरुको क्षतिपूर्ति सम्बन्धि तथ्याकं संकलन गरी आवश्यक कारवाही अगाडी बढाउन पुनः छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा खेलकुद कार्यविधि २०७५ मा व्यवस्था भए वमोजिम तपसिल वमोजिमको नगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

आज मिति २०७५ साल माघ १७ गते विहिवारका दिन दिनको १ बजे देखि बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री विदुर कुमार कार्की ज्यू को अध्यक्षतामा बर्दिवास नगरपालिका नगर कार्यपालिकाको वैठक तपसिल वमोजिमका पदाधिकारीहरुको उपस्थितिमा आरम्भ गरियो ।

प्रस्तावहरु :

१. विनियोजन ऐन २०७५ संशोधन सम्बन्धमा ।

२. आर्थिक ऐन २०७५ संशोधन सम्वन्धमा ।

३. कृषि व्यवसाय प्रदर्शन विधेकय २०७५

४. स्वास्थ्य तथा सरसफाई विधेयक २०७५

५. टोल विकास संस्था गठन र परिचालन ।

६. सरसफाई अभियान सम्बन्धमा ।

७. अपागं  प्रशिक्षण केन्द्र को लागि वडा नं. २ को जग्गा लिजमा माग गर्ने ।

८. स्वास्थ्य चौकि विजलपुरको एम्बुलेन्स सम्वन्धमा ।

९. सेभ द चिल्डेनको सहकार्यमा संचालित पहुंच परियोजना सम्वन्धमा ।

१०. विस फिट भन्दा कम चौडा सडक सम्वन्धमा ।

११. वडा कार्यालयमा विविध खर्च सम्वन्धमा ।

१२. निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धमा ।

१३. ऐलानी जग्गाको लागत संकलन सम्वन्धमा ।

निर्णय हरु :

१. विनियोजन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०७५ स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. आर्थिक ऐन २०७५ लाई संशोधन गर्न वनेको विधेयक २०७५ स्विकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. कृषि व्यवसाय प्रवर्द्धन विधेयक २०७५ स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. स्वास्थ्य तथा सरसफाई सम्बन्धी विधेयक २०७५ लाई स्वीकृत गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५.  टोल विकास संस्था गठन र परिचालन सम्बन्धमा कार्य विधि वनाई लागु गर्ने निर्णय गरियो ।

६. प्रस्तावित सरसफाई सम्वन्धि अभियान नगर र वडा स्तरमा संचालन गर्ने निर्णय गरियो ।

७. फरक क्षमता भएका व्यक्तिहरुको तालिम केन्द्रको लागि वडा नं. मा रहेको जग्गा लिजमा लिन सम्वन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

८. विजलपुरा स्वास्थ्य चौकि बर्दिवास १३ को दुर्घटनामा परेको एम्वुलेन्सको विषयमा प्राविधिक प्रतिवेदन सहितको खर्चको विवरणको आधारमा आवश्यक निर्णय गर्ने भनि निर्णय गरियो ।

९. सेभद चिल्डेनको सहकार्यमा संचालित पहुंच परियोजना अन्तर्गतको बजेट तथा कार्यक्रम अनुमोदन गरियो ।

१० . २० फिट भन्दा कम चौडा सडक हरुमा लगानी गर्दा कम्तीमा ६०।४० को अनुपातको लागत साझेदारी कार्यक्रम अन्तर्गत गर्ने निर्णय गरियो ।

११. वडा कार्यालय विविध खर्च वापत प्रत्येक वडा हरु लाई यस अघि प्रदान  गरिदै आएको रु. १० हजार लाई फागुन १ गते देखि लागु हुने गरि रु. २० हजार कायम गर्ने निर्णय गरियो ।

१२. "घ" वर्गको व्यवसायी इजाजत पत्र जांचबुझ समितिको सिफारिस वमोजिम एनिसा कर्न्टक्सन बर्दिवास १२ लाई इजाजत पत्र दिने निर्णय गरियो ।

१३ नगर क्षेत्रमा रहेका ऐलानी प्रति जग्गाको सर्न्दभमा राजश्व  प्रयोजन र निस्सा प्रदान गर्ने लागत संकलन गर्ने निर्णय गरियो ।